# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड

बनस्थली, काठमाडौं, नेपाल

TJVCL

पत्र संख्या : २०८२/८३ चलानी नं. : ३५८ मिति : २०८२/०९/२८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्ति मार्ग, भद्रकालि, काठमाण्डौं।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर , काठमाडौं ।
श्री विद्युत नियमन आयोग,
सानोगौचरण , काठमाडौं।
श्री सिडीएस एण्ड क्लियरिङ लिमिटेड,
पुतलीसडक, काठमाडौं।

विषय: **कम्पनीको चौधौँ वार्षिक साधारण सभाको माइन्युट बारे।**

प्रस्तुत विषयमा त्रिशुली जलविद्युत कम्पनी लिमिटेड(लि.नं.१२९५/०६७/०६८) को मिति २०८२/०९/२५ मा सम्पन्न चौधौँ वार्षिक साधारणसभाको निर्णय पुस्तिका (माईन्युट) यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

२०८२/०९/२८

...............

(भरत कुमार खड्का)
कम्पनी सचिव

# त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको

## चौधौँ वार्षिक साधारण सभाको निर्णय

यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री हितेन्द्र देव शाक्यको अध्यक्षतामा मिति २०८२ पौष २५ गते शुक्रबार (तदनुसार ९ जनवरी २०२६) विहान ११:०० बजे देखि अपरान्ह १:१० बजेसम्म सासा बैन्क्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, नयाँबजार, काठमाडौंमा सम्पन्न १४ औं वार्षिक साधारण सभाको निर्णयहरु तथा अन्य काम कार्यवाही समेतको निर्णय पुस्तिका (माइन्युट) देहाय बमोजिम रहेको छ :

**१. सभामा उपस्थिति**

(क) संचालकहरुको उपस्थिति:

१. श्री हितेन्द्र देव शाक्य (नेपाल विद्युत प्राधिकरणबाट प्रतिनिधित्व)
२. श्री मदन तिम्सिना (नेपाल विद्युत प्राधिकरणबाट प्रतिनिधित्व)
३. श्री आनन्द ढुंगेल (नेपाल विद्युत प्राधिकरणबाट प्रतिनिधित्व)
४. श्री राजेन्द्र अर्याल (नेपाल दुरसंचार कम्पनी लिमिटेडबाट प्रतिनिधित्व)
५. श्री गंगा सागर मातन्छे (नेपाल दुरसंचार कम्पनी लिमिटेडबाट प्रतिनिधित्व)
६. श्री रीना डंगोल (नेपाल दुरसंचार कम्पनी लिमिटेडबाट प्रतिनिधित्व)

(ख) अन्य पदाधिकारीहरु

१. श्री भरत कुमार खड्का, कम्पनी सचिव,त्रिशुली जलविद्युत कम्पनी लि.
२. श्री इन्दीवर घिमिरे, आयोजना प्रमुख, माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना
३. श्री हरिहर बराल , लेखा प्रमुख, त्रिशुली जलविद्युत कम्पनी लि.
४. श्री लिला कुमारी अर्याल, उप निर्देशक, त्रिशुली जलविद्युत कम्पनी लि.
५. श्री सुनील श्रेष्ठ, उप प्रबन्धक, त्रिशुली जलविद्युत कम्पनी लि.
६. श्री चिरन्जीवि बानियाँ बरिष्ठ लेखा अधिकृत, त्रिशुली जलविद्युत कम्पनी लि.
७. श्री रेभा श्रेष्ठ , प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आईएमई क्यापिटल लिमिटेड
८. श्री मिरा खड्का, प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आईएमई क्यापिटल लिमिटेड
९. श्री दिवश राई , प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय
१०. श्री सुरज मानन्धर, प्रतिनिधि, सिडीएस एण्ड क्लियरिङ लिमिटेड
११. श्री सुमन ढकाल, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

(ग) शेयरधनीहरुको उपस्थिति तथा प्रतिनिधित्व

| विवरण | कुल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थित | | जम्मा उपस्थित | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | | | |
| समूह "क" संस्थापक शेयरधनी | २ | १,४८,२०,००० | २ | - | २ | १,४८,२०,००० | |
| समूह "ख" सर्वसाधारण शेयरधनी | १,५४,३९८ | ३७,०५,००० | १७१ | - | १७१ | ७,३०९ | ८०.०४ |
| जम्मा | १,५४,४०० | १,८५,२५,००० | १७३ | - | १७३ | १,४८,२७,३०९ | |

कम्पनी सचिव

## २. छलफलका विषयहरु

### (१) सामान्य प्रस्ताव

(क) संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षद्वारा आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहित आ.व. २०८१/८२ को आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने ।

(ग) कम्पनीको आ.व. २०८२/८३ को वित्तीय विवरणहरुको लेखापरिक्षण गर्नका लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

### (२) विविध

## ३. सूचना प्रकाशन

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम संचालक समितिको मिति २०८२/०९/०२ को २३४ औं बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सहित चौधौँ वार्षिक साधारण सभाको सूचना मिति २०८२/०९/०४ गते प्रथम पटक र मिति २०८२/०९/०८ गते दोस्रो पटक गरी दुई पटक गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरुका वारेमा शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो । साथै चौधौँ वार्षिक साधारण सभाको बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेवसाइट www.tjvcl.com मा समेत राखिएको थियो ।

## ४. गणपुरक संख्या

कम्पनी ऐन,२०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३(१) मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँट भएको कुल शेयर संख्याको कम्तिमा ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा यस सभामा कम्पनीका २(दुई) संस्थापक शेयरधनी संस्थाहरु नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसंचार कम्पनी लिमिटेडवाट एक एक जना गरी उपस्थित दुई जना र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट उपस्थित जम्मा १७६ जना गरी कुल उपस्थित १७८ जना शेयरधनीहरुवाट बाँडफाँट भएको कुल शेयर संख्याको ८०.०४ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुनाले कम्पनी ऐन,२०६३ र कम्पनीको नियमावली बमोजिम चौधौँ वार्षिक साधारण सभाको काम कार्यवाहीका लागि गणपुरक संख्या पुगेको यकिन गरियो ।

## ५. सभाको वैधानिकता तथा अध्यक्षता

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन,२०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ (१) बमोजिमको गणपुरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकावाट देखिएको र कम्पनी ऐन,२०६३ को दफा ६९ बमोजिम सभाको बैधानिकता माथि छलफल हुँदा कम्पनी ऐन,२०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशन गरी जानकारी गराइएको देखिएको हुँदा यस चौधौँ वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाइएको भनि उपस्थित शेयरधनीहरुवाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो । तत् पश्चात कम्पनीको नियमावलीको नियम १९(१) मा व्यवस्था भए बमोजिम कम्पनी संचालक समितिका अध्यक्ष श्री हितेन्द्र देव शाक्यको अध्यक्षतामा चौधौँ वार्षिक साधारण सभाको काम कार्यवाही शुरु गरियो ।

TJVCL

## ६. सभा संचालन तथा प्रस्ताव उपर छलफल

सभाका अध्यक्षको अनुमतिमा कम्पनी सचिव श्री भरत कुमार खड्काबाट साधारण सभाको कार्यक्रम संचालन भए पछि संचालक समितिका अध्यक्ष श्री हितेन्द्र देव शाक्यज्यूवाट कम्पनीको आ.व २०८१/८२ को संचालकको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो। तत्पश्चात अध्यक्षज्यूवाट शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहित आ.व. २०८१/८२ को आर्थिक विवरण र आ.व.२०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सम्वन्धमा आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्वन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनीहरुले निम्न जिज्ञासा र सुझाव राख्नु भयो।

१. **श्री कृष्ण प्रसाद अधिकारी, सर्वसाधारण शेयरधनी**
   - आयोजना समयमानै सम्पन्न होस, कम्पनीको घर भाडामा महँगो भएको हुँदा आफ्नै कार्यालय भवन बनोस र अडिट रिपोर्ट नेपालीमा होस भनी शुभकामना व्यक्त गर्नु भयो।

२. **श्री भेषराज भण्डारी ,सर्वसाधारण शेयरधनी**
   - साधारण सभाको जानकारी मोबाइलमा मेसेज मार्फत पनि गर्न र शेयरधनीहरुलाई केहि न केहि लाभांश पाउने वातावरण बनाउनु पर्छ भनि लिखित माग राख्नु भयो।

३. **श्री जगन्नाथ आचार्य, सर्वसाधारण शेयरधनी**
   - साधारण सभा दशैँ अधि सम्पन्न गर्नु पर्ने, लाभांश दिनु पर्ने, CSR को बजेट सहि ठाउँमा खर्च गर्नु पर्ने र आयोजना समयमा नै सम्पन्न होस भनि लिखित शुभकामना व्यक्त गर्नु भयो।

४. **श्री लक्ष्मण बहादुर श्रेष्ठ, सर्वसाधारण शेयरधनी**
   - जेन्जी आन्दोलन र बर्षाको कारण आयोजनामा के कति क्षति भयो भनि सभामा जानकारी गर्न अनुरोध गर्दै लिखित शुभकामना व्यक्त गर्नु भयो।

## ७. शेयरधनीको जिज्ञासा तथा सुझावमा अध्यक्षको तर्फबाट प्रबन्ध संचालकको जवाफ

- साविकको खरिद सम्झौता अन्त्य गरिए पश्चात आयोजनाको बाँकी निर्माण कार्य सम्पन्न गर्न प्रचलित कानून बमोजित बोलपत्रदाता छनौट गरी खरिद सम्झौता समेत भइसकेकोले २०८४ असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखी कार्य भइरहेको।
- आयोजना निर्माण सम्पन्न भइ आम्दानी भए पश्चातमात्र लाभांश वितरण गर्न सकिने।
- साधारण सभा कम्पनी ऐनले तोकिए बमोजिम प्रचलित ढाँचा अनुसार र अबलम्बन गर्नु पर्ने कुराहरु पुरा गरी गरिएको।
- तुलनात्मक रुपमा घर भाडा महँगो भन्न मिल्ने स्थिति नरहेको र बजेट खर्च गर्दा प्रचलित कानून बमोजिम मितव्ययी ढंगबाट आवश्यकताको आधारमा खर्च गर्ने गरिएको।
- जेन्जी आन्दोलनको कारणले कुनै क्षति नभएको र बर्षाको कारण आयोजनामा सामान्य क्षतिमात्र भएको तर निर्माण तालिकामा भने उल्लेख्य असर परेको।

## ८. प्रस्ताव तथा निर्णयहरु

**विषय सूची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय ग-यो :**

भरत कुमार खड्का
कम्पनी सचिव

**(१) सामान्य प्रस्ताव**

(क) संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्ष श्री हितेन्द्र देव शाक्यले साधारण सभामा प्रस्तुत गर्नु भएको कम्पनीको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल भई उठेका जिज्ञासाहरुलाई अध्यक्षको तर्फवाट प्रबन्ध संचालकले स्पष्ट पारी सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस भनी सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिवाट पारित गरियो।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहित आ.व. २०८१/८२ को आर्थिक विवरण उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट पारी सकिएकोले उक्त आर्थिक विवरण सहितको प्रतिवेदन पारित गरियोस भनी सभा समक्ष प्रस्ताव गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिवाट पारित गरियो।

(ग) कम्पनीको आ. व. २०८२/८३ को वित्तीय विवरणको लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयवाट प्राप्त हुने परामर्श अनुरुप हुने गरी लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिकको सम्वन्धमा वैधानिक लेखापरीक्षण वापत रु.२,१०,०००/- र कर लेखापरीक्षण बापत रु.५०,०००/- समेत गरी जम्मा रु. २,६०,०००/- (अक्षरुपी दुई लाख साठ्ठी हजार रुपैया मात्र) मूल्य अभिवृद्धि कर बाहेक निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**(२) विविध**

विविध शीर्षक अन्तर्गत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शीर्षकमा कुनै निर्णय भएन।

**९. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

कम्पनीको यस चौधौँ वार्षिक साधारण सभा कम्पनी ऐन,२०६३ र कम्पनीको नियमावली अनुसार सभा बस्ने मिति, समय र स्थान तथा सभामा छलफल गरिने विषयहरु सहित शेयरधनी महानुभावहरुलाई सूचना प्रकाशित गरी जानकारी गराइए बमोजिम तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका संचालकहरु तथा अन्य निकायका प्रतिनिधिहरु उपस्थित भई चौधौँ वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षवाट सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सक्रिय रुपले छलफलमा सहभागी भई रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नु भएकोमा सवैलाई धन्यवाद दिनु भयो। साथै कम्पनीको यस चौधौँ वार्षिक साधारणसभालाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पु-याउनु भएकोमा शेयरधनी महानुभावहरु, लेखापरीक्षक, शेयर रजिष्ट्रारका प्रतिनिधि, कम्पनीका प्रबन्ध संचालक तथा अन्य कर्मचारीहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा धन्यवाद दिदै सभा विसर्जन भएको घोषणा गर्नु भयो।

भरत कुमार खड्का
कम्पनी सचिव

हितेन्द्र देव शाक्य
अध्यक्ष

TJVCL

मिति : २०८२/०९/२५ गते शुक्रवार